नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५- ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या -:०७७/७८
चलानी नम्बर -:
प्राप्त पत्र संख्या

मितिः २०७८।०२।२३

विषयः सवारी आवगमन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

काठमाण्डौं उपत्यकामा मिति २०७८ जेष्ठ मसान्त सम्म लागु हुने गरी थप निषेध आदेश जारी भएको ब्यहोरा सवैमा जानकारी नै छ । निषेधाज्ञा अवधिमा काठमाण्डौं प्रवेश गर्ने सवारी आवगमनलाई थप ब्यवस्थित बनाउन गण्डकी प्रदेश लगायत देशका अन्य विभिन्न स्थानबाट अत्यावश्यक काममा काठमाण्डौं उपत्यका प्रवेश गर्नु पर्दा समेत जिल्ला प्रशासन कार्यालय काठमाण्डौको पूर्व स्वीकृति लिएर मात्र सवारी आवगमनमा सहजीकरण गर्न गराउन श्री गृह मन्त्रालय, सिंहदरवार काठमाण्डौबाट निर्देशन भई आएकोले सोही अनुसार जिल्ला प्रशासन कार्यालय काठमाण्डौको पूर्व स्वीकृति लिएर मात्र सवारी सहजीकरणका लागि यस कार्यालयमा निवेदन दिनु हुन का साथै सोही अनुसार मात्र सिफारिस गरि पठाउने ब्यवस्थाका लागि सवै वडा कार्यालयहरुलाई जानकारी गराई दिनु हुन सम्पुर्ण स्थानिय तहहरुलाई अनुरोध गरिन्छ ।

सवारी पासको अनुमतिका आधारहरु

१. स्थानिय तहहको सिफारिस अनिवार्य (बिरामीको हकमा अस्पताल वा डाक्टरको सिफारिस मात्र पुग्ने) ।
२. विदेश जानेको हकमा Visa/Ticket लगायत Biometrics आदिको लागि आउने भए सो खुल्ने कागजात ।
३. सरकारी कर्मचारी सरुवा वा अनुगमन वा विदाबाट फिर्ता हुने भए सो खुल्ने कागजात सहितको निवेदन ।

०७८।२।२४
(राममणी मिश्र)
प्रशासकीय अधिकृत